सबैका लागि मर्यादा, समानता र न्याय

# मानवअधिकारपत्र

Human Rights Post

NHRC Monthly Newsletter Vol. 6 Issue 3, June - July 2013

वर्ष ६, अङ्क ३ राष्ट्रिय मानवअधिकार आयोगको समाचार बुलेटिन २०७० असार

## यातनाविरुद्धको अन्तर्राष्ट्रिय दिवस

# यातना अन्त्यका लागि साझा प्रतिबद्धता अत्यावश्यक







राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपालमा यातनाको कुसंस्कार अन्त्य गर्ने दिशामा राजनीतिक दललगायत सबैको साझा प्रतिबद्धता अपरिहार्य भएको धारणा अघि सार्नुभएको छ ।

यातनाविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा आयोगद्वारा राजधानीमा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरूलाई सम्बोधन गर्दै अध्यक्ष उपाध्यायले सो धारणा अघि सार्नुभएको हो ।

उहाँले 'यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सँजायविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४' को ऐच्छिक प्रलेखलाई नेपालले अनुमोदन गर्नुपर्नेमा पनि जोड दिँदै सो सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिसकिएको जानकारी दिनुभयो ।

...बाँकी पृष्ठ २ मा

# सामाजिक परिचालकहरूलाई मानव अधिकारसम्बन्धी तालिम

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (धनगढी) ले सामाजिक परिचालकहरुका लागि मानव अधिकारसम्बन्धी दुई दिवसीय तालिम आयोजना गरेको छ ।

तालिममा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार; मानव अधिकारसम्बन्धी विश्वव्यापी अवधारणा; मानव अधिकारसम्बन्धी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कानुन; महिला तथा बालबालिकाको अधिकार; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार; मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा समाजिक परिचालकहरूको भूमिका; मानव अधिकार रक्षकहरूको भूमिका र दायित्व; मानव अधिकारमुखी विकास पद्धति; मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राज्यको दायित्वलगायतका विषयमा छलफल भएको थियो ।

तालिममा आयोगका निमित्त क्षेत्रीय निर्देशक डा.टीकाराम पोखरेल, मानव अधिकार अधिकृत झंकरबहादुर रावल र शान्तिका लागि साझा अभियान नेपाल (कोक्याप) कञ्चनपुरका भुवन कुँवरले सहजीकरण गर्नुभएको थियो ।

सामाजिक कार्यकर्ताहरूलाई मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा सम्वाहक बन्न प्ररित गर्ने हेतुले आयोजित सो तालिममा कैलाली र कञ्चनपुरमा कार्यरत ३० जना सामाजिक परिचालकहरूको सहभागिता थियो ।

*यातना अन्त्यका लागि... पृष्ठ १ को बाँकी*

यातनाको कुसंस्कारलाई अन्त्य गर्न 'यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३' लाई पनि अन्तर्राष्ट्रिय मापदण्डअनुरुप परिमार्जन गरिनुपर्ने आवश्यकता पनि उहाँले औंल्याउनुभयो ।

सो अवसरमा आयोगका सदस्य रामनगिना सिंहले यातनाको लामो श्रृङ्खला कायम रहेको चर्चा गर्दै राज्य संयन्त्रमा 'पहिला थुन्, पछि सुन्' भन्ने गलत परिपाटी अझै पनि कायम रहेकोले नागरिकले अनाहकमा यातना पाउने गरेको धारणा अघि सार्नुभयो ।

सदस्य सिंहले यातना दिने व्यक्तिबाटै क्षतिपूर्ति र परिपूरणको कानुनी व्यवस्था नभएसम्म यातनाको श्रृङ्खला कायमै रहने बताउनुभयो ।

कार्यक्रममा आयोगका प्रवर्द्धन तथा वकालत एवम् सामूहिक अधिकार महाशाखाका प्रमुख सूर्यबहादुर देउजाले नेपाल 'यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सँजायविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४' को पक्षराष्ट्र रहेको र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६ ले पनि यातनाविरुद्धको हकलाई मौलिक हकको रूपमा सुनिश्चत गरेको चर्चा गर्दै सोही अनुरुप व्यवहार गरिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

देउजाले यातनाको निषेध एवम रोकथाम गर्ने तथा यातनापीडितहरूको अधिकारको संरक्षण गर्ने सन्दर्भमा सरकारी तथा गैरसरकारी निकाय, मानव अधिकारसम्बन्धी संगठन र नागरिक समाजसँग सहकार्य हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले यातनाविरुद्धको अधिकार संरक्षण एवम् सम्वर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोग, पुनरावेदन अदालत, महान्यायाधिवक्ताको कार्यालयलगायतका निकायहरूबाट हिरासत एवम् थुनुवा केन्द्रहरूको नियमित अनुगमन एवम् निरीक्षण भइरहेको जानकारी पनि दिनुभयो ।

कार्यक्रममा बालमजदुर सरोकार केन्द्र (सिभिक्ट नेपाल) का जमुना पौडेलले धेरैजसो यातनाका घटनाहरूमा पीडकले उन्मुक्ति पाएको प्रसंग अघि सार्दै यातनालाई अपराधीकरण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले पीडित केन्द्रित न्याय पद्धतिको आवश्यकतामा जोड दिँदै यातनासम्बन्धी घटनामा पीडितले न्यून मात्रामा क्षतिपूर्ति पाएको तर पीडकमाथि सन्तोषजनक रूपमा कानुनी कारबाही नभएको धारणा अघि सार्नुभयो ।

सो अवसरमा बोल्दै 'बेपत्ता परिवार राष्ट्रिय सञ्जाल नेपाल' का रामकुमार भण्डारीले सशस्त्र द्वन्द्वपछि नेपाली समाजमा मानवीय सम्वेदना मर्दै गएको तथा यातना नियति नै बनेको टिप्पणी गर्नुभयो ।

भण्डारीले शान्ति तथा पुनःनिर्माण मन्त्रालयले यातनासम्बन्धी निर्देशिका तयार पार्न लागेको आफूले जानकारी पाएको तर निर्देशिका तयार पार्ने क्रममा यातनापीडितहरूलाई सहभागी नगराइएको भन्दै त्यस्तो निर्देशिका आफूहरूलाई मान्य नहुने बताउनुभयो ।

उहाँले यातनापीडितहरूको समस्या समाधानका लागि जिम्मेवार बन्न अदालतले आदेश दिएको तथा राष्ट्रिय मानव अधिकार आयोगले थुप्रै सिफारिस गरेको भए पनि कार्यान्वयनको दिशामा सरकार उदासीन र सम्वेदनाहीन बनेको टिप्पणी गर्नुभयो ।

उहाँले राष्ट्रिय मानव अधिकार आयोगलाई सुझाव दिँदै भन्नुभयो, 'अयोगमा परेका यातनासम्बन्धी उजुरीलाई राम्रोसँग अभिलेखीकरण गरी त्यसको कानुनी प्रक्रिया अघि बढाउनुपर्छ ।'

सो अवसरमा सशस्त्र द्वन्द्वका क्रममा श्रीमान् गुमाएका सिर्जना सिंहले यातनापीडितहरूको दुःखकष्ट बुझेर सोहीअनुरुप सुधारात्मक कदम अघि बढाउनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

उहाँले यातनापीडितहरूको अवस्था कहालीलाग्दो रहेको चर्चा गर्दै उनीहरूको मनोविश्लेषण नगरी शुरु गरिएका सुधारात्मक कामहरू खासै अर्थपूर्ण नहुने भएकोले आयोगले यस दिशामा गम्भीर बन्न सरोकारवालाहरूसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा बोल्दै गृह मन्त्रालयका सहसचिव गणेशराज कार्कीले नेपालमा यानता दिने क्रमिक रूपमा घट्दै गएको चर्चा गर्दै मन्त्रालयले प्रहरी प्रशासनलाई मानव अधिकारमैत्री बन्न निर्देशन दिएको बताउनुभयो ।

सहसचिव कार्कीले राष्ट्रिय मानव अधिकार आयोग, गृह मन्त्रालय र अन्य साझेदार निकायहरूले दिशामा सहकार्य गर्न सकेमा यातनाको संस्कारलाई अन्त्य गर्न सहयोग पुग्ने धारणा अघि सार्नुभयो ।

महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता महेश शर्मा पौडेलले 'यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सँजायविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४' को पक्ष राष्ट भएकोले यसका मर्म र भावनालाई सरकारले पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले 'यातनाविरुद्ध शून्य सहनीलता' को नीतिलाई पूर्ण रूपमा पालना गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्दै राज्यका सबै गतिविधिमा मानव अधिकारमैत्री कार्यशैली अपनाउन सकेमा यानताको कुसंस्कार कमजोर बन्दै जाने धारणा अघि सार्नुभयो ।

# राष्ट्रिय मानवअधिकार आयोग

## केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष** : केदारनाथ उपाध्याय
**सदस्य** : रामनगिना सिंह
**सदस्य** : गौरी प्रधान
**सदस्य** : डा. लीला पाठक
**सदस्य** : डा. के.बी. रोकाया

# यातनामुक्त समाज निर्माणमा जोड

कैलालीका मानव अधिकाकर्मी एवम् बुद्धिजीवीहरूले यातनामुक्त समाज निर्माण गर्नुपर्नेमा जोड दिनु भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (धनगढी) द्वारा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले सो विषयमा जोड दिनुभएको हो ।

कार्यक्रममा बोल्दै नेपाल बार एसोसिएसन (कैलाली) का अध्यक्ष गंगाराम पाध्यायले कारागारमा क्षमताभन्दा बढी बन्दी राख्दा उनीहरूलाई र मानसिक र

शारीरिक यातना हुने भन्दै यसतर्फ सरोकारवालाहरूले ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा 'मुक्त कमलरी विकास मञ्च' का अध्यक्ष कौशिला चौधरी कमलरीले असंख्य मानसिक र शारीरिक यातना भोग्न बाध्य भइरहेको प्रसंग कोट्याउँदै उनीहरूको अधिकारका लागि नैतिक र कानुनी लडाइँ लड्न आवश्यक भएको धारणा अघि सार्नुभयो ।

कार्यक्रममा 'एडजस नेपाल' (कैलाली) का अध्यक्ष चित्रा पनेरूले विद्यालयमा पढ्ने बालबालिका शारीरिक यातना दिने कायमै रहेको चर्चा गर्दै त्यस्ता शिक्षकलाई कानुनी कारबाही नभएको टिप्पणी गर्नुभयो ।

बेस (कैलाली) का जिल्ला संयोजक लोकजङ्ग चौधरीले नेपालको न्यायप्रणाली एकदमै फितलो भएको टिप्पणी गर्दै राजनीतिक आस्थाका कारण न्याय पाउने अधिकारबाट व्यक्तिलाई बञ्चित गरिएकाले नागरिकले मानसिक यातना भोगिरहेको धारणा अघि सार्नुभयो ।

कार्यक्रममा मानव अधिकार संगठन (कैलाली) का उपसभापति गिरिराज ओझाले कारागारमा क्षमताभन्दा बढी बन्दीहरू राखिनुले कारागारभित्र रहेका सबैले यातना पाइरहेको विचार राख्नुभयो ।

सो अवसरमा याक नेपाल (कैलाली) का कार्यक्रम अधिकृत देवीप्रसाद खनालले प्रहरी भन्ने शब्द सुन्ने बित्तिकै कुटपिट गर्ने र यानता दिने प्रशासनिक संयन्त्रलाई बुझिने अवस्था रहेको भन्दै यसलाई मेट्न प्रहरीले धेरै मिहेनत गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

यसै प्रसंगमा दलित महिला अधिकार मञ्च (कैलाली) अध्यक्ष सावित्रा घिमिरेले यातनाविरुद्धको अधिकारबारे व्यापक रूपमा प्रचार-प्रसार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा कैलालीका प्रमुख जिल्ला अधिकारी वेदप्रसाद लेखक जिल्लाका कारागारमा एक सयजनाको ठाउँमा तीन सय जना बस्नुपर्ने अवस्था रहेकोकोले यो पनि एक प्रकारको यातना नै हो भन्नुभयो ।



एक प्रसंगमा उहाँले फौजदारी अभियोग लागेको व्यक्तिलाई यातनाबिना नै आफ्ना कुरा राख्ने मौका दिनुपर्छ भन्नेमा नेपाल सरकार सचेत रहेको जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय (कैलाली) का प्रमुख प्रहरी उपरीक्षक उमेश रञ्जितकारले प्रहरीमा सचेतना आएकोले अभियुक्तलाई यातना दिनुहुँदैन भन्नेमा नेपाल प्रहरी सदैव सचेत रहेको जानकारी दिनुभयो ।

उहाँले यातनामा संलग्न प्रहरीले संयुक्त राष्ट्रसंघीय मिसनमा जान नपाउने नियम रहेको तथा प्रहरीकार्यालयमा मानव अधिकार सेलको व्यवस्था गरी मानव अधिकारमैत्री कार्यविधिबारे जानकारी गराउने कार्य भइरहेकोकोले यातनाको परिपाटी क्रमिक रूपमा घट्दै गएको बताउनुभयो ।

महिला पुनःस्थापना केन्द्र (ओरेक नेपाल, कैलाली) का संयोजक संगीता अधिकारीले यातनाको परिभाषालाई व्यापक अर्थमा बुझ्नुपर्ने आवश्यकता औंल्याउँदै फौजदारी अभियोग लागेको व्यक्ति विना अभियोजन छुट्दा पीडितलाई यातना हुने भएकोले यस्ता विषयलाई सरोकारवाला निकायले गम्भीरतापूर्वक लिइनुपर्ने धारणा राख्नुभयो ।

माइती नेपाल (सुरक्षा तथा आवास) प्रमुख निर्मला भट्टले कतिपय मामिलामा जिल्ला प्रहरी कार्यालयले नाबालिकालाई नाबालिकको रूपमा व्यवहार नगरेकोले त्यस्ता बालिकाले प्रहरीबाट न्याय नपाएको दृष्टान्त पेश गर्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग निमित्त क्षेत्रीय निर्देशक डा.टीकाराम पोखरेलले यातना पीडितलाई न्याय दिने र पीडकलाई कारबाही गर्न गर्ने वातावरण बनाउन काममा राष्ट्रिय मानव अधिकार आयोग आफ्नो बलबुताले भ्याएसम्म लागिपरेको जानकारी दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (धनगढी) का मानव अधिकार अधिकृत पवनकुमार भट्टले सुदुरपश्चिममा यातनाको अवस्थाबारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा कैलालीका कार्यरत पत्रकार, अधिकारकर्मी, नागरिक समाज एवम् सरकारी निकायका प्रतिनिधिहरूको उपस्थिति थियो ।

'यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सँजायविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४' सन् १९८७ जुन २६ तारिखमा लागू भएको हो । त्यही अवसर पारेर हरेक वर्ष जुन २६ गते 'यातनाविरुद्धको अन्तर्राष्ट्रिय दिवस' मनाइन्छ ।

## ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहारविरुद्ध जनचेतना दिवस

# ज्येष्ठ नागरिकको मानव अधिकारबारे अन्तरक्रिया



राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (धनगढी) ले 'ज्येष्ठ नागरिकहरुको मानवअधिकारको अवस्था' विषयक अन्तरक्रिया कार्यक्रम कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य रामनगिना सिंहले ज्येष्ठ नागरिकको मानव अधिकार संरक्षणको दिशामा आयोगले गरेको कामहरूको विवरण प्रस्तुत गर्नुभयो ।

सदस्य सिंहले मौजुदा 'ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३' मा भएका कमीकमजोरीबारे आयोगले छुट्टै मस्यौदा तयार गरी सुधारका लागि नेपाल सरकार समक्ष पेश गरिसकेको जानकारी दिनुभयो ।

उहाँले ज्येष्ठ नागरिकहरूको संख्या क्रमिक रूपमा बढ्दै गएको आँकडा प्रस्तुत गर्दै उनीहरूका पक्षमा राज्य, समाज र परिवारले पूरा गर्नुपर्ने जिम्मेवारीबारे प्रकाश पार्नुभयो ।

सो अवसरमा बोल्दै कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले ज्येष्ठ नागरिकको समग्र हितका लागि सरकारी र गैरसरकारी संस्थाले काम गर्नुपर्ने धारणा अघि सार्नुभयो ।

कार्यक्रमा महिला विकास कार्यालय (कैलाली) का निमित्त प्रमुख ललिता पाण्डेले ज्येष्ठ नागरिकको लागि स्वास्थ्योपचारका सम्बन्धमा व्यवस्थाबारे जानकारी दिँदै उहाँहरूलाई नैतिक तथा भौतिक सहयोग आवश्यक भएको विचार अघि सार्नुभयो ।

सो अवसरमा ज्येष्ठ नागरिक जिल्ला संघ (कैलाली) का अध्यक्ष दिव्यप्रसाद पन्तले आफूहरूले कैलालीका ज्येष्ठ नागरिकको लगत लिन लागेको जानकारी दिँदै उहाँहरूका पक्षमा गर्नुपर्ने सुधारबारे आयोगलाई नीतिगत सिफारिस गर्ने जानकारी पनि दिनुभयो ।

कार्यक्रममा आयोगको क्षमता सबलीकरण परियोजनाका राष्ट्रिय कार्यक्रम प्रबन्धक साधना घिमिरेले ज्येष्ठ नागरिकहरूप्रति भइरहेका दुर्व्यवहार सच्याउने काम आफैंबाट सच्याउन आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा आयोगका निमित्त क्षेत्रीय निर्देशक टीकाराम पोखरेलले आयोग

...बाँकी पृष्ठ ५ मा

## प्रभातफेरी

यसैबीच 'ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहारविरुद्ध जनचेतना दिवस' को अवसर पारेर राजधानीमा प्रभातफेरी कार्यक्रम आयोजना गरेको छ । बसन्तपुरबाट शुरु भई शान्तिबाटिकामा पुगेर आमसभामा परिणत भएको प्रभातफेरीमा राष्ट्रिय मानव अधिकार आयोगलगायत विभिन्न संघसंस्थाहरूको सहभागिता थियो । सो प्रभातफेरी राष्ट्रिय जेष्ठ नागरिक महासंघले आयोजना गरेको थियो ।

प्रभातफेरीका सहभागीहरूले ज्येष्ठ नागरिकको हक-अधिकार र स्वाभिमानका पक्षमा तयार पारिएका 'प्ले कार्ड' लिनुभएको थियो ।



*ज्येष्ठ नागरिकको ...* **पृष्ठ ४ को बाँकी**

कानुनी र संवैधानिक दायराभित्र रहेर ज्येष्ठ नागरिकको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा जुटिरहेको जानकारी दिनुभयो ।

सो अवसरमा आयोगका मानव अधिकार अधिकृत झंकरबहादुर रावलले कार्यपत्र प्रस्तुत गर्दै सामाजिक सुरक्षाको नाममा दिइने बृद्धभत्ता न्यून रहेकोले यसबाट बेसहारा बृद्धबृद्धाहरूलाई जीवयापन गर्न नपुग्ने भएको बताउनुभयो ।

अर्का कार्यपत्र प्रस्तोता ज्येष्ठ नागरिक जिल्ला समितिका उपाध्यक्ष तथा अधिवक्ता पदमराज शर्माले नयाँ पुस्तामा अभिभावकलाई बोझ सम्झने परिपाटी बढ्दै गएको चर्चा गर्दै बा-आमा माया-ममता र प्रेरणाका स्रोत हुन् भन्ने भावना विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा सहभागीहरूले ज्येष्ठ नागरिकको यकिन तथ्याङ्क लिई परिचयपत्र उपलब्ध गराइनुपर्ने; सोही आधारमा स्वास्थ्य सेवा, यातायातलगायतका सेवा-सुविधा प्राथमिकतासाथ उपलब्ध गराइनुपर्ने; ज्येष्ठ नागरिकको बसोबास क्षेत्र, आर्थिक एवम् सामाजिक अवस्थाको समेत पहिचान गरी सोही आधारमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनुपर्ने माग अघि सार्नुभयो ।

उहाँहरूले ज्येष्ठ नागरिकहको स्वआर्जनसँग सम्बन्धित सम्पत्ति छोराछोरीमा बण्डा गर्नुपर्ने मौजुदा कानुनलाई परिमार्जन गरी स्वैच्छिक बनाइनुपर्ने, आमा-बाको स्याहार-सुसार नगर्ने छोराछोरी वा हकवालालाई स्थानीय निकायमार्फत् कारबाहीको दायरामा ल्याइनुपर्ने, ज्येष्ठ नागरिक संलग्न भएका अदालती कारबाही 'फास्ट ट्र्याक कोर्ट' पद्धतिबाट अघि बढाइनुपर्ने माग राख्नुभएको थियो ।

यसैगरी, ज्येष्ठ नागरिकसम्बन्धी विद्यमान कानुनहरूको सामयिक संशोधन गरिनुपर्ने, ज्येष्ठ नागरिकको सीप र क्षमताको अनुसार राज्यले उनीहरूलाई राज्यको काममा लगाइनुपर्ने, ज्येष्ठ नागरिकसम्बन्धी व्यवस्थाको कार्यान्वयन र अनुगमनका लागि सक्षम सरकारी संयन्त्र स्थापना हुनपर्ने, जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति प्रभावकारी हुनुपर्ने पनि उहाँहरूको माग थियो ।

कार्यक्रममा पूर्वमुख्य न्यायाधीश विश्वनाथ जोशी, प्रहरी उपरीक्षक उमेश रञ्जितकार, जनस्वास्थ्य अधिकृत एकेन्द शाही, नेपाल बार काउन्सिलका पार्षद श्री देवराज अवस्थी, वरिष्ठ अधिवक्ता रमेशदेव भट्टलगायतको जम्मा ४३ जना सहभागी हुनुहुन्थ्यो ।

# ज्येष्ठ नागरिकका अधिकारबारे विचार गोष्ठी




राष्ट्रिय मानव अधिकार आयोगको आयोजना उपक्षेत्रीय कार्यालय (बुटवल) ले नवलपरासी जिल्लाको भूमहीमा 'ज्येष्ठ नागरिकका अधिकार र सरोकारवालाहरूको भूमिका' विषयक विचार गोष्ठी आयोजना गरेको छ ।

कार्यक्रममा बोल्दै आयोगका उपनिर्देशक दीपकजंगध्वज कार्कीले 'ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३' मा आवश्यक सुधार गरी त्यसलाई ज्येष्ठ नागरिकको हितमा अधिकतम उपयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा अधिवक्ता सरस्वती शर्मा र आयोगका मानव अधिकार अधिकृत चन्द्रकान्त चापागाईले ज्येष्ठ नागरिकको अधिकारबारे बेग्लाबेल्दै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

स्थानीय रामनगर गाविसका ज्येष्ठ नागरिक चूडामणि भट्टराईको अध्यक्षता सम्पन्न कार्यक्रममा ज्येष्ठ नागरिक, पारालिगल समितिका पदाधिकारी, सामाजिक अगुवा, सामुदायिक मेलमिलाप केन्दका पदाधिकारीहरूलगायत गरी करिब ४२ जनाको सहभागिता थियो । कार्यक्रमका सहभागीहरूले ज्येष्ठ नागरिकको हकअधिकारबारे जानकारी हाँसिल गर्ने अवसर पाएको भन्दै खुसी प्रकट गर्नुभएको थियो ।






## बर्दियाका नागरिकहरूको गुनासो

# द्वन्द्वपीडितहरूको समस्याप्रति सरकार मूकदर्शक






बर्दियाका द्वन्द्वपीडितहरूले आफ्ना समस्याप्रति सरकार मूकदर्शक बनेको गुनासो गर्नुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (नेपालगञ्ज) ले बर्दियाको राजापुरमा आयोजना गरेको 'द्वन्द्वपीडितहरूको न्याय प्राप्ति, आयोगको सिफारिस कार्यान्वयनको अवस्था र सरोकारवालाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम उहाँहरूले यस्तो गुनासो गर्नुभएको हो ।

सो अवसरमा बोल्दै द्वन्द्वपीडित मन्नुराम थारूले भन्नुभयो, 'म द्वन्द्वपीडित, घाइते साथै शहीद परिवारको सदस्य पनि हो । मेरो शरीरमा अझै पनि पाँचओटा गोली त्यत्तिकै छ। जानेहरू त गइहाले तर पीडा परिवार र बालबच्चालाई छ । हाम्रो दुःख कसले बुझिदिन्छ र ?'

उहाँले टोल-टोलमा पुगेर बेपत्ता र शहीद परिवारको अवस्थाबारे खोजतलास गर्न राष्ट्रिय मानव अधिकार आयोगसमक्ष आग्रह गर्नुभयो ।

कार्यक्रममा द्वन्द्वपीडित जीतराम थारूले द्वन्द्वपीडितहरूको समस्याप्रति सरकार मौन बसेको टिप्पणी गर्दै सरकारले बेपत्ता, शहीद र घाइते तथा यातनापीडित परिवारजनलाई प्रमाणपत्रको व्यवस्था गरी राहत तथा न्याय दिनुपर्छ भन्नुभयो ।

द्वन्द्वपीडित परिवार हीरा चौधरीले आफ्नो श्रीमानलाई बेपत्ता पारिएकको ११ वर्ष पुगेको जानकारी दिँदै श्रीमान्को अनुपस्थितिमा भोग्नुपरेको समस्या अकल्पनीय रहेको पीडा पोख्नुभयो ।

द्वन्द्वपीडित पदम चौधरी शक्तिमा भएकाहरूले जति ठूलो अपराध गरे पनि क्षम्य भएको र निर्दोष मानिसलाई विनाकारण अपराधी बनाएर हत्या गरिएको तथा बेपत्ता पारिएको चर्चा गर्दै 'ठूलालाई चैन, सानालाई ऐन' भन्ने भनाइ चरितार्थ भएको धारणा अघि सार्नुभयो ।

द्वन्द्वपीडित रामप्यारी चौधरीले सशस्त्र द्वन्द्वमा मारिएका वा बेपत्ता पारिएका पारिएका मानिसका परिवारजनको आर्थिक अवस्था एकदमै कमजोर भएकोले यसतर्फ सरकारको ध्यान जानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

द्वन्द्वपीडित काली चौधरीले राज्य पक्षद्वारा ११ वर्षअघि श्रीमान बेपत्ता पारिएको जानकारी दिँदै घरमा कमाएर खुवाउने व्यक्तिको अभावमा स्कूल जाने छोराछोरीलाई स्कूल जान रोकेर मजदुरी गर्न पठाउनुपरेको दुःखेसो पोख्नुभयो ।

द्वन्द्वपीडित हेमराज थारूले मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई कारबाही नगरिएको तथा पीडितहरूलाई अपर्याप्त क्षतिपूर्ति दिएकोमा असंतुष्टि पोख्नुभयो ।

उहाँले आफ्नो क्षेत्रमा थुप्रै मानिसहरू अनाहकमा मारिएको तथा बेपत्ता पारिएको प्रसंग कोट्याउँदै उनीहरूका परिवारजनले कुनै राहत वा न्याय नपाएको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागी द्वन्द्वपीडितहरूले पीडितहरुलाई न्याय प्रदान गर्ने कार्यमा सरकार उदासीन रहेको रहेको टिप्पणी गर्दै बेपत्ता नगारिकको स्थिति तत्काल सार्वजनिक गरिनुपर्ने, आफूहरूको आर्थिक अवस्था दयनीय भएकाले लालाबालालाई पालन-पोषण, शिक्षालगायत आर्थिक राहतको व्यवस्था हुनुपर्ने, मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनी कारबाही हुनुपर्नेलगायतका विषयमा आवाज उठाउनुभएको थियो ।

कार्यक्रममा इलाका प्रशासन कार्यालय राजापुरका प्रमुख मुरलीधर पुरी, सशस्त्र प्रहरी नायव उपरीक्षक तीर्थराज पौडेल, इलाका प्रहरी कार्यालय राजापुरका प्रहरी निरीक्षक राजु थापा, नगरोन्मुख गाविस राजापुरका सचिव मणिराज पौडेलको सहभागिता थियो । उहाँहरूले पीडितले न्याय पाउनुपर्ने कुरामा जोड दिँदै यस दिशामा आ-आफ्नो तर्फबाट नैतिक समर्थन र कार्यगत प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत रमेशकुमार थापाले आयोगद्वारा द्वन्द्वपीडितको पक्षमा गरिएका कामको विवरण, मानव अधिकारको उल्लङ्घन घटनाबारे आयोगले सरकारलाई गरेको सिफारिस कार्यान्वयनको अवस्था, संक्रमणकालीन न्यायमा सरोकारवाला निकायको भूमिका एवम् मानव अधिकारको संरक्षणमा राज्यको दायित्वबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा सरकारी पदाधिकारी, मानव अधिकारकर्मी, सञ्चारकर्मी र राजापुर क्षेत्रका ११ गाविसका द्वन्द्वपीडितहरू गरी एक सय ५० जनाको सहभागिता थियो ।

## कृष्णप्रसाद अधिकारी हत्या प्रकरण

# अभियुक्तलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड

लगभग नौ वर्षअघि हत्या गरिएका गोरखाका कृष्णप्रसाद अधिकारीका परिवारजनले न्याय पाउनुपर्ने र अभियुक्तलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा गोरखाका अधिकारकर्मी र बुद्धिजीबीहरूले आवाज उठाउनुभएको छ ।

मृतकका परिवारजनले न्याय प्राप्तिका लागि गरेको श्रृङ्खलाबद्ध संघर्षबारे राष्ट्रिय मानव आयोग क्षेत्रीय कार्यालय (पोखरा) ले गरेको अनुगमनका क्रममा सो आवाज मुखरित भएको हो ।

## घटनाको पृष्ठभूमि

गोरखा जिल्ला भुजेल गाविस वडा नं ७ निवासी वर्ष १९ वर्षीय कृष्णप्रसाद अधिकारीलाई मिति २०६१ साल जेठ २३ गते जिल्ला चितवन रत्ननगर नगरपालिका वडा नं १ बकुलहर चोकबाट तत्कालीन विद्रोही नेकपा माओवादीका कार्यकर्ताद्वारा अपहरण गरी जेठ २४ गते हत्या गरिएको थियो । घटनापछि मृतकका परिवारजनद्वारा केही व्यक्तिविरुद्ध किटानी जाहेरी दिइएको थियो ।

जाहेरी दर्खास्त दिएपछि मृतकका दाजु नुरप्रसाद अधिकारीलगायत परिवारजनलाई ज्यान मार्ने धम्की आएपछि परिवारका सम्पूर्ण सदस्य २०६४ साल पुस १० गतेदेखि घर छोडी विस्थापित भएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) ले उक्त घटनाको अनुसन्धान गरी २०६५ साल चैत २३ गते दोषी उपर फौजदारी अभियोगमा कारबाही चलाउन, पीडित परिवारजनलाई क्षतिपूर्ति दिन र घरमा पुनः फर्कनका लागि सुरक्षा प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

आयोगको सिफारिस कार्यान्वयन भएन ।

### अनसनकारीको अबस्था बुझ्न मानव अधिकार आयोगको टोली गोरखामा

दरौंदी समाचारदाता

गोरखा : बिगत ९६ दिनदेखि अनसनमा रहेका गोरखा फुजेलका नन्दप्रसाद अधिकारी र गंगामाया अधिकारीको अबस्था बारे अध्ययन गर्न राष्ट्रिय मानव अधिकार आयोगको टोली गोरखा आएको छ । अनसनकारीको आफन्तले जीवन रक्षाको माग गरेको बिषयमा बिभिन्न पत्रपत्रिकामा समाचार प्रकाशन भएपछि मानव अधिकार आयोगको क्षेत्रीय कार्यालयका प्रमुख यज्ञ अधिकारी सहितको टोली गोरखा आएका हुन् ।

तर टोलीले अनसनकारीलाई भने भेट्न पाएनन् । जिल्ला प्रहरी कार्यालयमा अनसन बसिरहेका उनीहरुलाई जिल्ला प्रशासन कार्यालय गोरखाले शनिबार देखि जिल्ला अस्पतालमा राखेर बिहिबार राती नै काठमाण्डौं लगेपछि मानवअधिकार आयोगको टोलीले उनीहरुलाई भेट्न नपाएका हुन् । प्रशासनले प्रहरीको मद्दतबाट अनसनकारी अधिकारी दम्पत्तिलाई बिहिबार राती साँढे नौ बजे

बांकी पृष्ठ ३ मा

उल्टै सरकारीस्तरबाट मुद्दा फिर्ता लिने काम भयो । यसपछि मृतकका पिता नन्दप्रसाद अधिकारी, आमा गंगामाया अधिकारी दाजु नुरप्रसाद अधिकारी पटक पटक जिल्ला सदरमुकाम र राजधानी धाएर न्यायको लडाइँ लड्ने श्रृङ्खला शुरु भयो ।

अभियुक्तविरुद्धको मुद्दा फिर्ता भइसकेको अवस्थामा पनि अधिकारी परिवारले आफ्ना माग अडिग रूपमा राख्न नछाडेपछि उनीहरूलाई काठमाडौंबाट गोरखा र गोरखाबाट काठमाडौं अड्डासार गर्ने क्रम जारी नै रह्यो ।

दोषीमाथि कारबाही नभएको भनी न्याय खोज्दै जाने क्रममा गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारीमाथि दुर्व्यवहार गरेको अभियोगमा २०६९ सालमा नुरप्रसाद अधिकारीलाई गोरखा कारागारमा राखिएको जानकारी प्राप्त भएको थियो ।

न्यायका लागि प्रहरी कार्यालय अगाडि धर्नामा रहेका मृतकका पिता नन्दप्रसाद अधिकारी र आमा गंगामाया अधिकारीलाई प्रहरीले पक्राउ गरी गैरकानुनी रूपमा प्रहरी कार्यालय (कमलपोखरी) मा थुनामा राखेको भनी २०६९ साल पुस २५ गते आयोगमा पुनः उजुरी परेको थियो ।

### दम्पतीको अनशन सय दिनमा

#### मुद्दा अन्तर्राष्ट्रिय समुदायसम्म लैजान्छौं : आयोग



मृतकका पिता नन्दप्रसाद अधिकारी र आमा गंगामाया अधिकारीले २०७० साल वैशाखमा जिल्ला प्रहरी कार्यालय (गोरखा) परिसरमै भोक हड्ताल गर्न थालेपछि अधिकारी दम्पतीको स्वास्थ बिग्रिएकोले स्थानीय अस्पतालमा भर्ना गरिएको थियो ।

## घटनाको अनुगमन

२०७० साल वैशाख २६ गते राति नौ बजेतिर अधिकारी दम्पतीलाई गोरखा अस्पतालबाट एम्बुलेन्समा राखी प्रहरीले काठमाडौंस्थित वीर अस्पतालमा बिहान एक बजे पुर्‍याएको जानकारी अस्पतालका कर्मचारी र सुरक्षाकर्मीबाट प्राप्त भयो ।

अधिकारी दम्पतीले उपचार गर्न अस्वीकार गरेको गरी भोक हड्तालमा बसेको समाचार सञ्चार माध्यमहरूमा आएको थियो । यसपछि राष्ट्रिय मानव आयोग क्षेत्रीय कार्यालय (पोखरा) ले स्वविवेकीय आधारमा उजुरी ग्रहण गरी घटनाको अनुगमन गरेको थियो ।

...बाँकी पृष्ठ ८ मा

*अभियुक्तलाई कानुनी... पृष्ठ ७ को बाँकी*



अनुगमन टोलीद्वारा जारी प्रतिवेदनमा भनिएको छ, 'अधिकारी परिवारको मूलतः तीनवटा माग देखिन्छन् : कृष्णप्रसाद अधिकारीको हत्या गर्ने व्यक्तिहरूलाई कानुनी कारबाही हुनुपर्ने, क्षतिपूर्ति र शान्ति सुरक्षाको प्रत्याभूतिसहित घरमा पुनःस्थापित हुन पाउनुपर्ने र न्याय प्राप्तिका लागि वर्षौंसम्म संघर्षरत रहँदा लागेको ऋण पीडक भनिएका व्यक्तिले तिरिदिनुपर्ने रहेका छन् ।'

कृष्णप्रसाद अधिकारी हत्या प्रकरणमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र, १९४८; नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६; नेपालको अन्तरिम



संविधान, २०६३; ले दिएको न्यायसम्बन्धी हक र स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने मौलिक हक अधिकारको समेत हनन भएको प्रतिवेदनमा उल्लिखित छ ।

'राज्यले सशस्त्र द्वन्द्वको बेला भएको मानव अधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घनका मुद्दा फिर्ता लिई पीडितलाई थप पीडा दिने काम गरेको देखिन्छ । पीडितले न्याय पाउने अधिकार समेतको प्रत्याभूति हुन सकेको पाइएन ।', प्रतिवेदनमा भनिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको २०६५ चैत २३ गते सिफारिसबमोजिम फौजदारी अभियोगमा मुद्दा चलाउनुपर्ने व्यक्तिको मुद्दा फिर्ता भइसकेकोले स्थानीय प्रशासन र प्रहरीबाट सो मुद्दा चल्न सक्ने देखिन्न भन्दै प्रतिवेदनले निष्कर्ष निकालेको छ, 'यसबाट पीडितले न्याय पाउने अधिकारको गम्भीर उल्लंघन हुन गएको प्रष्ट देखिन्छ ।'

अनुगमनको क्रममा स्थानीय प्रहरी, मानव अधिकारकर्मी, स्वास्थ्यकर्मी, पत्रकार एवम् नागरिक समाजका प्रतिनिधिहरूसँग भेटघाट गरी जानकारी संकलन गरिएको थियो ।

भेटका क्रममा उहाँहरूले पीडितले न्याय पाउनुपर्ने र पीडकलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिनु भएको थियो ।

आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारी र प्रशासन तथा लेखा सहायक मोहन काफ्लेले गोरखामा पुगेर २०७० साल वैशाख २७ देखि जेठ २ गतेसम्म घटनाको अनुगमन गर्नुभएको थियो ।

## खाद्यअधिकार

# नागरिकको खाद्यअधिकार सुनिश्चित गरिनुपर्ने

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (जुम्ला) ले मुगुको सदरमुकाम गमगढीमा खाद्य अधिकारबारे कार्यशाला आयोजना गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको सवैधानिक काम, कर्तव्य र क्षेत्राधिकार; मानव अधिकारको विश्वव्यापी अवधारणा; खाद्य अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन; कर्णालीमा खाद्य सुरक्षाको अवस्था; खाद्यवस्तुको अनुगमन विधि र प्रक्रिया; खाद्य संकटको वर्तमान अवस्था र त्यसको समाधानका उपायलगायतका विषयमा छलफल गरिएको थियो ।



कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (जुम्ला) का निमित्त प्रमुख राजेन्द्रप्रसाद न्यौपाने, जुम्लाका सहायक प्रमुख जिल्ला अधिकारी तोरण पराजुली, फियान नेपालका फिल्ड संयोजक पदम मल्ल र 'आत्मसम्मानका लागि सहकार्य' का सल्लाहकार प्रकाश बुढथापाले सहजीकरण गर्नुभएको थियो ।

कार्यशालाको समापन सत्रमा बोल्दै मुगुका प्रमुख जिल्ला अधिकारी हीरालाल चौधरीले नागरिकको खाद्य अधिकारको रक्षाका लागि नीतिगत र कार्यगत रूपमा सबैजना क्रियाशील हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यशालामा मुगु र जुम्लामा कार्यरत पत्रकार; शिक्षक; सरकारी कार्यालय, न्यायिक तथा अर्धन्यायिक निकाय, नागरिक समाज एवम् मानव अधिकारसम्बन्धी कार्यरत संस्थाका प्रतिनिधिहरू गरी ५७ जनाको सहभागिता थियो ।

## जनस्वास्थ्य

# दूधमा 'कोलिफर्म' भेटिएका डेरीहरूलाई कारबाहीको दायरामा ल्याऊ : आयोग



## दूधमा कोलिफर्म शून्य गर्न आयोगको निर्देशन

अन्नपूर्ण समाचारदाता

**काठमाडौं,** १० असार : पास्चराइज्ड दूधमा कोलिफर्म भेटिएको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गम्भीर चासो व्यक्त गर्दै कोलिफर्म शून्य गर्न सरोकारवाला निकायलाई निर्देशन दिएको छ।

दूधमा जनस्वास्थ्यमा असर पार्ने जीवाणु (कोलिफर्म) भेटिएको विषयमा सोमबार आयोगले सरोकारवाला निकायका

### गुणस्तर कायम गर्न नसक्ने दुग्ध उत्पादकलाई कारबाहीको दायरामा ल्याऊ

अधिकारीसँग छलफल गरी यस्तो निर्देशन दिएको हो। आयोगका निमित्तसचिव दुर्गा खड्काका अनुसार आयोगका सदस्य रामनगिना सिंहले दूधमा कोलिफर्म भेटिनु गम्भीर विषय भएको बताएका थिए। निर्धारित गुणस्तर कायम गर्न नसक्ने दुग्ध उत्पादकलाई कारबाहीको दायरामा ल्याउन उनले निर्देशन दिएका थिए। त्यस्तै अर्को सदस्य गौरी प्रधानले स्वस्थ खाद्यवस्तु उपभोग गर्न पाउने नागरिकको नैसर्गिक अधिकार रक्षा गर्न खाद्यवस्तु उत्पादन, प्रशोधन र वितरणसम्मका सम्पूर्ण प्रक्रियामा देखापर्ने कमजोरी पत्ता लगाएर समाधानका उपाय खोज्न सुझाव दिए। उनले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले गरेको अनुगमन तथा निरीक्षणको प्रशंसा गर्दै दबाबबाट मुक्त भएर काम गर्न आग्रह गरे।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अधिकृत प्रमोद कोइरालाले उपत्यकाका २३ वटा डेरी उद्योगका दूधको नमुना परीक्षण गर्दा अधिकांशमा कोलिफर्म भेटिएको जानकारी गराएका थिए। गृह मन्त्रालयका सहसचिव गणेशराज कार्कीले खाद्यवस्तुको गुणस्तर कायम गर्न मन्त्रालयले बजार अनुगमन गरिरहेको जानकारी गराए।

**दुग्ध विकास संस्थानका प्रमुख** राजगोविन्द राजकर्णिकारले संस्थानले उत्पादन गरेको दूधमा न्यून मात्रामा 'कोलिफर्म' भेटिएपछि त्यसलाई शून्यमा झारिएको दाबी गरेका थिए। कृषि विकास मन्त्रालयका सहसचिव प्रभाकर पाठकले कोलिफर्मरहित दूध उत्पादनमा मन्त्रालय लागिपरेको जानकारी गराएका थिए।

उपत्यकामा सञ्चालित डेरीबाट उत्पादित दूधमा जनस्वास्थमा नकारात्मक असर पार्ने जीवाणु 'कोलिफर्म' भेटिएकोबारे खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले सार्वजनिक गरिएको प्रतिवेदन र आमसञ्चार माध्यममा आएका समाचार एवम् टीका-टिप्पणीप्रति चासो राख्दै राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित सरोकारवालाहरूलाई आयोगमै बोलाएर परामर्श बैठक गरेको छ ।

सो अवसरमा आयोगका सदस्य रामनगिना सिंहले दूधमा 'कोलिफर्म' भेटिएको प्रसंग स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिकको अधिकारसँग गाँसिएको गम्भीर विषय हो भन्दै आयोगले यसप्रति चासो राखेको बताउनुभयो ।

उहाँले निर्धारित गुणस्तर कायम गर्न नसक्ने दूध उत्पादकहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिक अधिकारको सम्मान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

आयोगका अर्का सदस्य गौरी प्रधानले स्वस्थ्य खाद्यवस्तु उपभोग गर्न पाउने नागरिकको नैसर्गिक अधिकारको रक्षा गर्नका लागि खाद्यवस्तु उत्पादन, प्रशोधनदेखि वितरणसम्मको सम्पूर्ण प्रक्रियामा देखापर्ने कमजोरी पत्ता लगाएर समस्या समाधानका उपायहरू खोज्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

सदस्य प्रधानले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले हालका दिनमा गरेको अनुगमन तथा निरीक्षणको प्रशंसा गर्दै कुनै पनि अवाञ्छनीय दबाबको प्रभावबाट मुक्त भएर भविष्यमा अनुसन्धान र अनुगमनलाई अझ प्रभावकारी किसिमले अघि बढाउन आग्रह गर्नुभयो ।

उहाँले नागरिकको स्वास्थमाथि खेलबाड नहोस् भन्नका लागि सरोकारवाला निकायले उत्पादन प्रणाली र बजारको नियमित रूपमा अनुगमन तथा निरीक्षण गरी निश्चित अन्तरालमा प्रतिवेदन सार्वजनिक गर्नुपर्ने खाँचो औंल्याउनुभयो ।

बैठकमा बोल्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अधिकृत प्रमोद कोइरालाले विभागले २०७० साल जेठ २३ र २४ गते उपत्यकाका २३ वटा डेरी उद्योगमा अनुगमन गरी दूधको नमूना परीक्षण गर्दा अधिकांशमा 'कोलिफर्म' भेटिएको जानकारी दिनुभयो ।

उहाँले अत्याधिक मात्रामा 'कोलिफर्म' भेटिएका छवटा डेरीलाई सिलबन्दी गरिएको; छवटा डेरीलाई खाद्य ऐन, २०२३ र खाद्य नियमावली, २०२७ अनुसार मुद्दा चलाइएको र बाँकी डेरीमाथि अनुसन्धान चलिरहेको बताउनुभयो ।

सो अवसरमा बोल्दै गृह मन्त्रालयका सहसचिव गणेशराज कार्कीले खाद्यवस्तुको गुणस्तर कायम गर्नका लागि मन्त्रालयले बजारको अनुगमन र निरीक्षण गरिरहेको जानकारी दिनुभयो ।

सहसचिव कार्कीले अनुगमन र निरीक्षण कार्यलाई प्रभावकारी बजार संरक्षण अधिकृतहरू भर्ना गर्न लागिएको जानकारी दिँदै अब मन्त्रालय अझ बढी समन्वयात्मक ढङ्गमा अघि बढ्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

परामर्श बैठकमा दुग्ध विकास संस्थानका राजगोविन्द राजकर्णिकारले संस्थानले उत्पादन गरेको दूधमा न्यून मात्रामा 'कोलिफर्म' भेटिएको जानकारी दिंदै अहिले त्यसलाई शून्यमा झारिएका बताउनुभयो ।

राजकर्णिकारले भविष्यामा 'कोलिफर्म' नभेटियोस् भनेर दूध प्रशोधनदेखि प्याकेजिङसम्मको सम्पूर्ण पक्रियामा निर्मलीकरण र शुद्धिकरणलाई उच्च प्राथमिकता दिइएको बताउनुभयो ।

सो अवसरमा कृषि विकास मन्त्रालयका सहसचिव डा. प्रभाकर पाठकले दूधमा 'कोलिफर्म' भेटिएको घटनाप्रति मन्त्रालय गम्भीर रहेको भन्दै अशुद्ध कृषि उत्पादनबाट जनस्वास्थ्यमा पर्नसक्ने असरबारे अनुगमन गर्ने, त्यसको रिपोर्टिङ गर्ने र त्यसको निकास खोज्नका लागि छलफल गर्ने काम निरन्तर रूपमा भइरहेको जानकारी दिनुभयो ।

उहाँले देशमा शुद्ध दूध उत्पादन गर्ने अभियानलाई सहयोग पुर्‍याउने उद्देश्यबाट प्रेरित भएर शुद्ध दूध उत्पादन गर्नेबारे तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

बैठकमा बोल्दै राष्ट्रिय दुग्ध विकास बोर्डका निर्देशक हसनामैयाँ श्रेष्ठले दूधजन्य पदार्थमा देखिएको समस्याबारे कृषि विकास मन्त्रालयको सहसचिवको नेतृत्वमा छानबिन समिति गठन गरी समस्याको चुरो पत्ता लगाउने प्रयास भइरहेको जानकारी दिनुभयो ।

अन्त्यमा, आयोगका सदस्य गौरी प्रधानले स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारको संरक्षण र सम्वर्द्धन गर्न बजारमा उपलब्ध खाद्यवस्तुको गुणस्तर कायम गर्ने दिशामा प्रयत्नरत सरोकारवाला निकायहरूलाई निर्देशन दिनुभयो ।

# हिंसारहित शैक्षिक वातावरण अपरिहार्य

पर्वतका अधिकारकर्मी, शिक्षासेवी एवम् अभिभावकहरूले बालमैत्री वातावरणमा ज्ञान आर्जन गर्न पाउने बालबालिकाको नैसर्गिक अधिकारलाई सम्मान गर्न सबै क्रियाशील हुनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) ले मङगलोदय मावि (चुवा, पर्वत) मा आयोजना गरेको 'मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र बालबालिकालाई शारीरिक दण्ड न्यूनीकरणका उपाय' विषयक कार्यक्रमका सहभागीहरूले सो आवश्यकता औंल्याउनुभएको हो ।

कार्यक्रमका सहभागीहरूले शारीरिक दण्ड-सँजायको परम्परालाई अन्त्य गर्नुपर्ने आवश्यकता औंल्याउँदै बालमनोविज्ञान बुझेर बालबालिकालाई शिक्षा-दीक्षा दिनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

उहाँहरूले बालबालिकालाई दिइने शारीरिक दण्डले उनीहरूको शिक्षा-दीक्षा र वृत्ति-विकासमा नकारात्मक असर पार्ने चर्चा गर्दै उनीहरूमाथि हुने दुर्व्यवहार अन्त्य गर्न हातेमालो गरेर अघि बढनुपर्ने खाँचो औंल्याउनुभयो ।

कार्यक्रममा आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै हिंसारहित वातावरणमा बालबालिकालाई शिक्षा-दीक्षा दिने वातावरणलाई सहयोग गर्ने अभिप्रायले कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।



कार्यक्रममामा बालमनोविज्ञान; विद्यालयमा शारीरिक दण्ड-सँजाय न्यूनीकरणका उपाय; बालबालिकाको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन प्रयोग चार 'स' (समय, संयम, समझदारी र सहभागिता); बालबालिकालाई दण्डरहित वातावरणमा हुर्काउन अपनाउनुपर्ने नियमलगायतका विषयमा छलफल भएको थियो ।

## शिक्षा

सो अवसरमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८; बालअधिकारसम्बन्धी महासन्धि, १९८९ र बालबालिकासम्बन्धी ऐन, २०४८ का मूलभूत मान्यता र प्रावधानहरूका विषयमा पनि छलफल भएको थियो ।

कार्यक्रमका सहभागीहरुले आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिइनुपर्ने, बालअधिकारबारे जनचेतना अभिवृद्धिका लागि ग्रामीण तहसम्म नेटवर्क विस्तार गरिनुपर्ने, विद्यालयस्तरको पाठयक्रममा मानव अधिकारको विषय राख्न शिक्षा मन्त्रालयलाई सिफारिस गरिनुपर्नेलगायतका सुझाव राष्ट्रिय मानव अधिकार आयोगलाई दिनुभयो ।

कार्यक्रममा छात्र-छात्रा, विद्यालयका शिक्षक-शिक्षिका, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक र सञ्चारकर्मीलगायत ७० जनाको सहभागिता थियो ।

'बालअधिकारसम्बन्धी महासन्धि, १९८९' ले बालबालिकाविरुद्ध लक्षित सबै प्रकारका शारीरिक र मानसिक हिंसा, घाउचोट र दुर्व्यवहार, उपेक्षा वा उपेक्षित व्यवहार र शोषणलाई रोकथाम गर्न राज्यले उपयुक्त कानुनी, प्रशासनिक, सामाजिक र शैक्षिक सुधारका उपायहरू अगाल्नुपर्ने पक्षमा बोलेको छ ।

यसैगरी, बालबालिकासम्बन्धी ऐन, २०४८ (दफा ७) ले निर्मम र क्रूर व्यवहार गर्नबाट निषेध गरी बानी-व्होरा सुधार गर्ने प्रयोजनका लागि भने सामान्य रुपमा पिट्न पाउने व्यवस्था गरेको छ तर उक्त प्रावधानलाई सर्वोच्च अदालतले खारेज गरिसकेको छ ।

# बालअधिकारसम्बन्धी अभिमुखीकरण कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगले काठमाडौंको हरिसिद्धिस्थित जनउद्दार माध्यामिक विद्यालयमा बालअधिकारसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगको परिचय, मानव अधिकारीसम्बन्धी विश्वव्यापी अवधारणा, बालअधिकारसम्बन्धी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दस्तावेज बालमैत्री शैक्षिक वातावरणको आवश्यकता, बालअधिकार संरक्षण तथा सम्वर्द्धनमा सरोकारवालाहरूको भूमिका, बालअधिकार उल्लङ्घनका घटनाबारेमा सम्बन्धित निकायमा उजुरी गर्ने प्रक्रिया आदिबारे प्रकाश पारिएको थियो ।

सो अवसरमा आयोगका मानव अधिकार अधिकृतद्वय सम्झना शर्मा र सुरेश मल्लले सहजीकरण गर्नुभएको थियो । बालअधिकारको आधारभूत विषयवस्तु, एवम् बालअधिकारको क्षेत्रमा आयोगले गर्दै आएको गतिविधिबारे जानकारी दिनुभयो ।

कार्यक्रममा जनउद्धार माध्यमिक विद्यालयकाका प्रधानाध्यापक रवि खनालले राष्ट्रिय मानव अधिकार आयोगलाई धन्यवाद दिँदै यस किसिमका कार्यक्रमले बालबालिकालाई जिज्ञासु, सिर्जनशील, चेतनशील बन्न प्रेरित गर्ने र आफ्नो अधिकार उपयोग गर्दा अर्काको अधिकारप्रति पनि सजग बनाउन सहयोग पुग्ने विचार अघि सार्नुभयो ।

अभिमुखीकरण कार्यक्रममा जनउद्दार माध्यमिक विद्यालयका शिक्षक र विद्यार्थी गरी ६५ जनाको सहभागीता थियो ।




# प्रतिवेदन सार्वजनिक

राष्ट्रिय मानव अधिकार आयोग र 'विश्वव्यापी आवधिक समीक्षा' ले बालअधिकारबारे नेपाल सरकारलाई गरेको सिफारिसको कार्यान्वयनसम्बन्धी प्रतिवेदन सार्वजनिक भएको छ ।

प्रतिवेदन सार्वजनिक गर्दै आयोगका सदस्य गौरी प्रधानले बालअधिकारलाई स्थापित गर्न 'बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९' का प्रावधानहरूलाई कार्यरूपमा उतार्न अत्यावश्यक भएको धारणा अघि सार्नुभयो ।

सदस्य प्रधानले बालबालिकाको अधिकारसम्बन्धी समग्र अवस्था सुधार्नका लागि बालअधिकार आयोग गठन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

प्रतिवेदन सार्वजनिक समारोहमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सहसचिव रमेश ढकाल, केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशक तारक धिताल, कपिल अर्याल, विश्वमणि पौडेल, मनोज फुँयाल, श्रीराम अधिकारी, मञ्जु खतिवडालगायतका वक्ताहरूले बालअधिकारको विविध आयामबारे विश्लेषणात्मक धारणा अघि सार्नुभएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगद्वारा प्रकाशित सो प्रतिवेदनमा बालअधिकार हननसम्बन्धी ३९ वटा सिफारिस समावेश गरिएका छन् । ती सिफारिस उजुरीमा आधारित छन् ।

# नेपालमा स्वच्छ सुनुवाइसम्बन्धी अधिकारको कार्यान्वयन पक्ष फितलो






नेपालमा स्वच्छ सुनुवाइसम्बन्धी संवैधानिक एवम् कानुनी व्यवस्था रहे पनि त्यसको कार्यान्वयन पक्ष फितलो रहेको पाइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) द्वारा पोखरामा आयोजित 'स्वच्छ सुनुवाइको अधिकार' विषयक तीन दिवसीय कार्यशालाका सहभागीहरूले उक्त तथ्य औंल्याउनुभएको हो ।

व्यक्तिको स्वच्छ सुनुवाइसम्बन्धी अधिकारलाई ध्यानमा राखेर अभियुक्त र पीडित दुबैलाई स्वच्छ सुनुवाइको अधिकारबाट बञ्चित गराइनु हुन्न भन्ने आवाज सहभागीहरूले उठाउनुभयो ।

कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका सम्वैधानिक क्षेत्राधिकार एवम् अन्तर्राष्ट्रिय मान्यता; आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार संरक्षणमा अदालतको भूमिका; नेपालमा फौजदारी न्यायमा स्वच्छ सुनुवाइको अधिकार; स्वच्छ सुनुवाइसम्बन्धी संवैधानिक र कानुनी व्यवस्था; मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा अन्तर्राष्ट्रिय कानुनी दस्तावेजको महत्व; संकटकालमा स्वच्छ सुनुवाइको गुञ्जायसलगायतका विविध विषयमा छलफल भएको थियो ।

सो अवसरमा संविधानविद् डा. भीमार्जुन आचार्य र डा. विपिन अधिकारी, पुनरावेदन अदालतका न्यायाधीश डिल्लीराज आचार्य, पुनरावेदन अदालतका सरकारी वकिल लालप्रसाद लामिछाने, अधिवक्ता दामोदर अधिकारी, प्रहरी निरीक्षक चन्द्रा गरुङ र आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले सहजीकरण गर्नुभयो ।

प्रहरी प्रशासनलगायत सबै सरोकारवालाहरूमा स्वच्छ सुनुवाइसम्बन्धी अवधारणाको विकास गर्ने उद्देश्यले कार्यक्रममा गण्डकी अञ्चलमा अञ्चलमा कार्यरत प्रहरी र मानव अधिकारकर्मीहरू गरी ४० जनाको सहभागिता थियो ।

# आदिवासी जनजातिका सरोकारप्रति आयोग गम्भीर



राष्ट्रिय मानव अधिकार आयोगका सदस्य गौरी प्रधानले आदिवासी जनजातिले उठाएका सरोकारहरूप्रति आयोग गम्भीर रहेको बताउनुभएको छ ।

आदिवासी जनजातिहरूको मानव अधिकारका लागि वकिलहरूको समूह (लाहुर्निप) नेतृत्वमा आयोगको अध्ययन भ्रमणमा आएका आदिवासी जनजाति मानव अधिकार रक्षकहरूलाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो ।

सदस्य प्रधानले देशका आदिवासी जनजातिलगायत सबै समुदायले सम्मानित जीवनयापन गर्न 'यो देश सबैको हो' भन्ने भावना सबैमा पलाउनुपर्ने र एउटा समुदायको परपम्परा र संस्कृतिलाई अर्को समुदायले खुल्ला हृदयले सम्मान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

एक प्रसंगमा उहाँले देशको सम्पर्क भाषालगायत सबै जातजाति र क्षेत्रका भाषालाई समेटेर नेपाल प्रज्ञा प्रतिष्ठानले साझा शब्दकोश निकाल्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सम्वर्द्धन तथा वकालत एवम् सामूहिक अधिकार महाशाखा प्रमुख सूर्यबहादुर देउजाले आदिवासी जनजातिहरूको हक-अधिकार स्थापनाका लागि आयोगले अघि बढाएका कदमबारे प्रकाश पार्नुभयो ।

उहाँले आयोग आदिवासी जनजातिहरूको हक-अधिकार जायज हक-अधिकार स्थापित हुनुपर्छ भन्ने पक्षमा आयोग रहेको चर्चा गर्दै उनीहरूको थप अधिकार स्थापित गर्ने दिशामा सहकार्य गर्न चाहेको विचार अघि सार्नुभयो ।

सहभागीहरूलाई सम्बोधन गर्दै नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष डण्डु शेर्पाले सत्ता र शक्तिमा रहेका व्यक्तिहरूको 'अतिवादी सोंच' का कारण नेपालका आदिवासी जनजातिहरूको नैसर्गिक अधिकार संकटमा परेको विचार अघि सार्नुभयो ।

सो अवसरमा आदिवासी जनजातिहरूका अधिकारका लागि वकिलहरूको समूह (लाहुर्निप) का सचिव शंकर लिम्बू, गोपाल देवान, देवराज चौधरी, सत्यनारायण डङ्गोल, भीम राई, जुनाकुमारी गुरुङ, किरण सुनुवार, बुद्ध लामा, चन्द्रकला राईलगायतका वक्ताहरूले आदिवासी जनजातिको हक-अधिकार स्थापित गर्ने दिशामा आयोगको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

# बन्दको संस्कार अन्त्य गरी राजनीतिक संवाद कायम गर

देशमा दोस्रो संविधानसभाको चुनावको मिति घोषणा भएको पृष्ठभूमिमा नेकपा-माओवादीलगायतका राजनीतिक दलहरूले विविध राजनीतिक माग राख्दै असार २ गते आयोजना गरेको नेपाल बन्द र यसले जनजीवनमा पारेको प्रभावबारे राष्ट्रिय मानव अधिकार आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

यस सम्बन्धमा आयोगद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'समय-समयमा विभिन्न राजनीतिक दल तथा अन्दोलनरत पक्षहरूले आफ्ना माग पूरा गराउन अयोजना गर्ने बन्दले सर्वसाधारण नागरिकको जीविका, शिक्षा, स्वास्थ्य, आवगमनजस्ता मौलिक अधिकार र समग्रमा देशको विकास एवम् अर्थतन्त्रमा नै नकारात्मक असर पार्ने भएकोले बन्दजस्तो कठोर कार्यक्रम अघि नसार्न आयोगले विगतमा बन्दकर्ताहरूलाई पटक-पटक आग्रह गर्दै आएको हो । यसपटक पनि आयोग उही कुरा दोहो¥याउन चाहन्छ ।'

यसैगरी, आन्दोलनरत दलहरूले अघि सारेका माग वार्ता र सम्वादको माध्यमबाट सम्बोधन गरी सहमति, सहकार्य र समन्वयको आधारमा उपयुक्त राजनीतिक वातावरण कायम गर्न सरकार, प्रमुख दल र अन्य सरोकारवाला निकायहरूसँग आयोगले आग्रह गरेको छ ।

## प्राकृतिक विपत्ति

# बाढी प्रभावित क्षेत्रमा राहत आवश्यक




असारको पहिलो हप्तामा महाकाली नदीमा आएको बाढीका कारण कञ्चनपुर जिल्लाको भुजेला गाविसका बासिन्दामा परेको असर र उद्दारबारे राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (धनगढी) अनुगमन गरेको छ ।

बाढीबाट भुजेला गाविस वडा नं ११ मा रहेको महाकाली जनज्योति निम्न माध्यमिक विद्यालयको पक्की भवनमा क्षति पुर्‍याएको र केही स्थानीय बासिन्दाहरूको घरजग्गा बाढीले बगाएको प्रतिवेदनमा उल्लिखित छ ।

बाढीपीडितहरूलाई नेपाल रेडक्रस सोसाइटीले केही त्रिपाल र खाद्यवस्तु उपलब्ध गराए पनि पर्याप्त नभएको बाढीपीडित स्थानीय आइभान सुनारलाई उद्धृत गर्दै प्रतिवेदनमा जनाइएको छ ।

क्षतिको यकिन तथ्याङ्क संकलन गरी राहत र पुनःस्थापनाको व्यवस्था गर्न, बाढीबाट क्षतिग्रस्त विद्यालयको जीर्णोद्दार गरी तत्काल पठनपाठनको वातावरण पार्न, स्थानीय बासिन्दा बाढीबाट जोगाउन महाकाली नदीमा समयमै तटबन्ध निर्माण गरिनुपर्ने एवम् जोखिममा रहेका बस्तीको पहिचान गरी स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गर्न अनुगमन टोलीले सुझाव दिएको छ ।

अनुगमन टोलीले प्राकृतिक प्रकोपबाट बँच्न पूर्वसूचना, पूर्वतयारी र सतर्कतासम्बन्धी प्रणाली अपनाउन पनि सुझाव दिएको छ ।

आयोगका निमित्त क्षेत्रीय निर्देशक डा.टीकाराम पोखरेल, मानव अधिकार अधिकृत झंकरबहादुर रावल र जनसम्पर्क सहायक महिमा चौधरी बाढीग्रस्त क्षेत्रको अनुगमन गर्नुभएको थियो ।

# प्राकृतिक प्रकोपबाट प्रभावितहरूको तत्काल उद्धार गरः आयोग

असारको पहिलो हप्ता परेको मनसुनी वर्षाले देशको विभिन्न भागमा जनधनमाथि पुर्‍याएको क्षति र त्यसबाट उत्पन्न परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यान केन्द्रित भएको जनाएको छ ।

आयोगले एक विज्ञप्ति जारी गर्दै मनसुनी वर्षाले देशको विभिन्न भागमा जनधनको क्षति भएको, केदारनाथको दर्शन गर्न गएका सयौं नेपाली तीर्थयात्री अलपत्र परेको, ठाउँ-ठाउँमा बाटोघाटो भत्किएर यातायात सेवा बन्द भएको एवम् घरगोठ बगाएको घटनाप्रति सरकारको ध्यानाकर्षण गरेको छ ।

विज्ञप्तिमा भनिएको छ, 'बाढीपहिरोबाट पीडित मानिसहरूको उद्दार, राहत र पुनःस्थापनाको व्यवस्था तत्काल सुनिश्चित गर्न आयोग सरकारसँग आग्रह गर्दछ । यसैगरी, 'बाढीमा बेपत्ता भएकाहरूको खोजबिनलगायतका आवश्यकीय कामहरूका लागि अधिकतम् रूपमा जनशक्ति परिचालन गर्न पनि आयोग सरकारसँग आग्रह गर्दछ ।'

# सिन्धुलीका बन्दीगृहहरूमा सुधार आवश्यक



राष्ट्रिय मानव अधिकार आयोगले सिन्धुली जिल्लाका कारागर र बन्दी गृहहरूको अनुगमन गरेको छ ।

अनुगमन टोलीद्वारा जारी प्रतिवेदनमा भनिएको छ, 'जिल्ला प्रहरी कार्यालयको हिरासत तथा कारागार कार्यालयमा महिला र पुरुषका लागि बेग्लाबेग्लै कक्षहरूको व्यवस्था भएको भए पनि सरुवा लागेका तथा मानसिक रुपमा अशक्त बन्दीहरूका लागि बेग्लै कक्षहरू व्यवस्था भएको पाइएन । तथापि कुनै संक्रमित रोग भनी पत्ता लागेको व्यक्तिलाई एक्लै राख्ने व्यवस्था रहेको जानकारी पाइयो ।'



'शारीरिक रूपले अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष व्यवस्था रहेको पाइएन । गर्भवती महिलाहरुको लागि स्याहार सुसारको व्यवस्था पनि पाइएन ।' प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनका अनुसार बन्दीहरू कुनै अमर्यादित काम गर्दा कारबाहीको भागीदार हुनुपरेको भए पनि चौकीदार हरूको क्रियाकलापको कुनै निगारानी नगरिएकोले उनीहरूको क्रियाकलापबाट बन्दीको अधिकार हनन भए-नभएको सम्बन्धमा कुनै अभिलेख भेटिएन ।

बन्दीगृहहरूको भौतिक अवस्था नाजुक भएको र यसका लागि यथाशक्य छिटो सुधारका कदमहरू चाल्न आवश्यक रहेको प्रतिवेदनमा उल्लिखित छ ।

अनुगमन प्रतिवेदनका अनुसार बन्दी गृहहरूमा स्वास्थ्य सेवाको अभाव रहनुका साथै कुनै बन्दी बिरामी भएमा साथीसँगीहरूले उपचार खर्च र यातायात खर्च जुटाएर अस्पतालमा लानुपर्ने अवस्था छ ।

## अनुगमन



बन्दीहरूका लागि नयाँ बन्दीगृह निर्माण गरिनुपर्ने; विद्यमान बन्दी गृहहरूको जीर्णोद्वारका लागि बजेटको व्यवस्था गरिनुपर्ने; कारागारमा रहेका रिक्त पदको चाँडै पदपूर्ति गरिनुपर्ने; चौकीदारको गतिविधिको निगारानी गरि नुपर्ने; बन्दीहरूबारे आचार संहिता बन्नुपर्ने; बन्दीगृहमा स्वच्छ पिउने पानी, सौचालय र सरसफाइको उचित व्यवस्था हुनुपर्ने; बन्दीगृहमा उजुरी पेटिका राखिनुपर्नेलगायतका विषयमा अनुगमन टोलीले सिफारिस गरेको छ ।

अनुगमन टोलीले अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी





कार्यालय, जेलरलगायत सरकारी निकायका जिम्मेवार पदाधिकारी; बन्दी एवम् स्थानीय मानव अधिकारीहरूसँग भेटघाट गरी आवश्यक जानकारी लिएको थियो । त्यस अवसरमा बन्दीहरूसँग समूहगत रूपमा अन्तरक्रिया पनि गरिएको थियो ।

बन्दीहरूको सुरक्षा स्थिति, बन्दीगृहको प्रशासनिक व्यवस्था, अभिलेखीकरण प्रणाली, बन्दीगृहको भौतिक अवस्था, बन्दीहरूको मानव अधिकारको अवस्था आदिबारे जानकारी संकलन गरी बन्दीगृहको अवस्था सुधारका लागि सरकारलाई सिफारिस गर्ने उद्देश्यले अनुगमन गरिएको थियो ।



अनुगमन टोलीमा आयोगका अधिकृत जीवन न्यौपाने र सहायक प्रथम खिमानन्द बस्याल संलग्न हुनुहुन्थ्यो ।

'नेपालको अन्तरिम संविधान, २०६३' (धारा १३२) र 'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' अनुसार कारागार, थुनुवा केन्द्र र बन्दीगृहहरू समेतको अनुगमन गर्ने दायित्व राष्ट्रिय मानव अधिकार आयोगलाई रहेको छ ।

# सुदूर पश्चिमाञ्चल क्षेत्रमा जातीय विभेद कायमै

नेपाल जातीय भेदभावमुक्त मुलुक घोषणा भएको सात वर्ष बितिसक्दा पनि सुदूर पश्चिमाञ्चल क्षेत्रमा जातीय विभेद तीतो सामाजिक वास्तविकताको रूपमा कायमै रहेको पाइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (धनगढी) ले डडेल्धुरा जिल्लामा आयोजना गरेको 'दलितसम्बन्धी विद्यमान कानुन र त्यसको नीतिगत कमजोरीको विश्लेषण' विषयक कार्यशालाका सहभागीहरूले सो वास्तविकता औंल्याउनु भएको हो ।

सो अवसरमा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य रामनगिना सिंहले जातीय विभेद दण्डनीय कार्य भएकोले यसको अन्त्य गर्नका लागि सबै तत्पर र क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो ।

सदस्य सिंहले जातीय विभेद अन्त्य गर्न आयोगले चालेका कदमहरूबारे प्रकाश पार्दै यसमा साझा प्रयास आवश्यक भएको धारणा अघि सार्नुभयो ।

कार्यशालाका सहभागीहरूले अहिले पनि बैतडी तथा डोटी जिल्लाका कतिपय होटलमा भात खान जाने ग्राहक दलित भन्ने थाहा पाएमा होटल व्यवसायीले 'खाना छैन' भनी फर्काउने गरेको, सुदूर पश्चिमाका कतिपय घरमा जात सोधेर मात्र घरभित्र बस्न दिने गरेको, डोटीको शैलेश्वरी मन्दिरमा दलितले पूजा-अर्चना गर्न नपाएको एवम् यस क्षेत्रका प्राय जिल्लामा उपल्लो जात भनिएका मानिसले दलितसँग बोल्दा आदरार्थी शब्द प्रयोग नगर्ने गरेको तर दलित समुदायले कथित उपल्लो जातिका मानिससँग बोल्दाचाहिँ आदरार्थी शब्द प्रयोग गर्नैपर्ने बाध्यता रहेको भन्दै यसप्रति गम्भीर बन्न सबैलाई आग्रह गर्नुभयो ।

## सामाजिक कुरीति

उहाँहरूले सुदुर पश्चिम क्षेत्रका नौवटै जिल्लामा जातीय विभेद जारी रहेको भन्दै अन्तरजातीय विवाह गर्ने जोडीमाथि विभेद हुने गरेको, दलितले सार्वजनिक धारामा पानी थाप्न नपाएको, जातीय भेदभावको मुद्दामा दलितको साक्षी बसिदिने व्यक्ति नपाइँदा मुद्दा हार्ने डरले झन दलितहरूमा कानुनी लडाइँबाट पछि हट्ने गरेको, दलितका मुद्दालाई सञ्चारकर्मीले पनि बाहिर ल्याउन नसकको, गाउँठाउँमा दलितलाई दूध-दहीको कारोबार गर्न रोक लगाएको, कुनै दलितले डेरी व्यवसाय सञ्चालन गरेमा दूध बेच्न नलानेजस्ता समस्याबारे जानकारी गराउनुभयो ।



कार्यशालामा दलित समुदायले भोग्नुपरेका आर्थिक, सामाजिक तथा सांस्कृतिक समस्याको पृष्ठभूमिमा 'सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५', 'नेपालको अन्तरिम संविधान, २०६३' एवम् 'जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन) २०६८' लगायतका कानुनी व्यवस्था र तिनको कार्यान्वयको दिशामा देखापरेका व्यवहारिक कठिनाइबारे छलफल भएको थियो ।

सो अवसरमा जातीय विभेद अन्त्य गर्नका लागि राज्य, राजनीतिक दल एवम् नागरिक समाज, आमसञ्चार माध्यम एवम् अधिकारकर्मीहरूले खेल्नुपर्ने भूमिकाबारे पनि छलफल भएको थियो ।

सो अवसरमा राष्ट्रिय मानव अधिकार आयोगको क्षमता सवलीकरण परियोजनाका राष्ट्रिय परियोजना प्रबन्धक साधना धिमिरे, आयोगका निमित्त क्षेत्रीय निर्देशक डा.टीकाराम पोखरेल, अधिकारकर्मी रामेश्वर जैरू एवम् राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत पवनकुमार भट्टले सहजीकरण गर्नुभएको थियो ।

कार्यशालामा अछाम, डडेल्धुरा, डोटी, बैतडी, कञ्चनपुर तथा कैलाली जिल्लाका मानव अधिकारकर्मी तथा जातीय विभेदविरुद्ध कार्यरत संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।

'सबै किसिमका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५' का अनुसार जातीय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनमा कुनै क्षेत्रमा जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिका आधारमा गरिने कुनै पनि भेदभाव, बहिष्करण, प्रतिबन्ध वा प्राथमिकतालाई बुझाउँछ ।

नेपाल सरकारले २०६३ साल जेठ २१ नेपाललाई जातीय भेदभाव तथा छुवाछुतमुक्त मुलुक घोषणा गरिसकेको छ ।

हु.द.नं. २६/०६६/०६७

# उपभोक्ताको अधिकारबारे अन्तरसंवाद

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीयकार्यालय (बुटवल) ले सुनवलमा 'उपभोक्ताको अधिकार : हाम्रो सरोकार' विषयक अन्तरसंवाद कार्यक्रमको आयोजना गरेको छ ।

कार्यक्रममा 'उपभोक्ता हित संरक्षण मञ्च' का केन्द्रीय सदस्य अधिवक्ता गणेश सापकोटाले 'उपभोक्ताको अधिकार संरक्षणमा सरोकारवालाहरूको भूमिका र दायित्व' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्दै उपभोक्ताहरूले भोगिरहेका समस्याबारे प्रकाश पार्नुभयो ।

सो अवसरमा आयोगका उपनिर्देशक दीपक जंगध्वज कार्कीले उपभोक्ताको हकसम्बन्धी ऐन-कानुन भए पनि कार्यान्वयन पक्ष फितलो भएको एवम् नियमनकारी निकायले प्रभावकारी ढङ्गले काम गर्न नसकेको टिप्पणी गर्दै उभोक्ताहरू हरेक क्षेत्रमा ठगिइरहेको बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय (नवलपरासी) का अधिकृत ओमप्रकाश पाण्डेले जिल्ला प्रशासन कार्यालयमा उजुरी परेमा तत्कालै छानविन गरिने र बजार अनुगमनलाई तिव्रता दिने बताउनुभयो । यसैगरी, जिल्ला पशु कार्यालय, नौपतौल तथा गुणस्तर कार्यालय (रुपन्देही) लगायतका सरकारी कार्यालयका प्रतिनिधिहरूले उपभोक्तासँग सम्बन्धित कार्यालयमा जनशक्ति तथा प्रवधि अपर्याप्त रहेकोले काम कारबाही अघि बढाउन कठिन भएको जानकारी दिनुभयो ।

कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत चन्द्रकान्त चापागाई, 'उपभोक्ता हित संरक्षण मञ्च' (नवलपरासी) का अध्यक्ष रामजी ज्ञवाली, सुनवल जेसिजका अध्यक्ष रेशम शर्मालगायतका वक्ताहरूले उपभोक्ताको अधिकार हनन भएको भन्दै उपभोक्ता हितविरुद्ध काम गर्नेहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सहभागीहरुले बजारमा सडेगलेको सामान बेच्ने गरिएको, सार्वजनिक यातायातमा मनपरी भाडा उठाउने गरिएको, पसलमा मूल्यसूची नराखिएको, म्याद नाघेको मालसामान बजारमा भेटिएको, खाद्यवस्तुमा मानव स्वास्थ्यमा गम्भीर पार्ने तत्व भेटिएकोलगायतका समस्याबाट उपभोक्ताहरू ग्रसित भएको टिप्पणी गर्दै नियमनकारी निकायले यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

'उपभोक्ता हित संरक्षण मञ्च' (नवलपरासी) र 'सुनवल जेसिज' ले संयोजन गरेको सो कार्यक्रममा व्यवसायी, पत्रकार, नागरिक समाजका सदस्य, सरकारी एवम् गैरसरकारी निकायका प्रतिनिधिहरू, गरी ७० जनाको उपस्थिति थियो ।

# यातना न्यूनीकरणबारे अभिमुखीकरण कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (खोटाङ) ले खोटाङको दुर्छिम गाविसमा यातना न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (खोटाङ) का प्रमुख लोकनाथ घिमिरेले 'नेपालको अन्तरिम संविधान, २०६३' ले यातनाविरुद्धको हकलाई मौलिक हकको रूपमा सुनिश्चत गर्दै अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमिले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक रूपमा दिइने यातना वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भन्ने उल्लिखित भएको चर्चा गर्नुभयो ।

घिमिरेले यातना दिने कार्यलाई कानुनले दण्डनीय मानेको उल्लेख गर्दै नेपालको अन्तरिम संविधानमा व्यवस्था भएको मौलिक हकउपर अनुचित बन्देज लगाइएको अवस्थामा नागरिकसँग सवैधानिक उपचारको विकल्प रहेको पनि बताउनुभयो । 'यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३' ले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेका व्यक्तिमाथि हुने निर्मम अमानवीय, मानसिक यातना, अपमानजनक व्यवहारलाई समेत यातनाको रुपमा परिभाषित गरेको छ ।

यसबाहेक नागरिक 'अधिकार ऐन २०१२', 'प्रहरी ऐन २०१२', 'मुलुकी ऐन, २०२०', 'कारागार ऐन, २०१९', 'बालबालिकासम्बन्धी ऐन, २०४८', 'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' लगायतका कानुनहरूमा समेत यातनालाई निषेध गरेकोबारे पनि छलफल भएको थियो ।

स्थानीय संस्था 'नवकिरण सेवा समाज' को संयोजनमा सम्पन्न भएको कार्यक्रममा ५२ जनाको सहभागिता थियो ।

यसैबीच, राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (खोटाङ) ले 'ज्येष्ठ नागरिकहरूको अधिकार संरक्षणमा हाम्रो भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा जालपा उच्च माध्यमिक विद्यायलय (स्रोत केन्द्र) का स्रोतव्यक्ति प्रतिमान राईले 'ज्येष्ठ नागरिहरूको अधिकार संरक्षणमा हाम्रो भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्दै ज्येष्ठ नागरिकहरूको हक अधिकार स्थापित गर्नका लागि घरबाटै पहल शुरु हुनुपर्ने आवश्यकता औंल्याउनुभएको हो ।

जालपा उच्च माध्यमिक विद्यालय (खोटाङ) मा आयोजित सो कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (खोटाङ) का प्रमुख लोकनाथ घिमिरेले 'ज्येष्ठ नागरिक ऐन, २०६३' मा भएको व्यवस्था कार्यान्वयन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

स्थानीय संस्था 'जनसेवा समाज नेपाल' को संयोजकत्वमा सम्पन्न कार्यक्रममा सरकारी एवम् गैरसरकारी संस्थाका प्रतिनिधि, शिक्षक, जेष्ठ नागरिक, समाजसेवी, महिला, सर्वसाधारण नागरिकलगायत ५७ जना सहभागिता हुनुहन्थ्यो ।

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन : ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९३ सम्पादक : यमबहादुर दुरा